नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
(भूमिसुधार शाखा)
बबरमहल, काठमाडौं

फ्याक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८
निर्देशक योजना: ४२२६९८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए Ext. ४२२००२८

पत्रसंख्या: ०७२ ०७३ भू-सु-१।३।१।३८
चलानी नं: १६६१

बबरमहल,काठमाण्डौं
मितिः- २०७२।११।२७

विषयः- **सरकारी, सार्वजनिक जग्गाको अतिक्रमण छानविन सम्वन्धमा**

श्री मालपोत कार्यालय
सवै ।
श्री भूमिसुधार कार्यालय
सवै ।

उपरोक्त सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं.३ भूमि/वद्री च.नं. १८४९ मिति २०७२।११।१८ मा सरकारी सार्वजनिक जग्गाको अतिक्रमण छानविन सम्वन्धमा आज मिति २०७२।११।२३ गतेका दिन यस मन्त्रालयका सचिव श्री मोहनकृष्ण सापकोटाको अध्यक्षतामा वसेको वैठकको निर्णयको प्रतिलिपी र आयोगको पत्र यसै पत्रसाथ संलग्न छ । वैठकको निर्णय अनुसार गर्न गराउन हुन आदेशानुसार अनुरोध छ भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालय (जग्गा प्रशासन शाखा) को प.सं. ६।१।४(द.७२३)०७२।७३।३।१नं.४१२ च.नं. २२०७ मिति २०७२।११।२३ को पत्रवाट लेखि आएकोले सो वमोजिमको प्रतिलिपी पत्र थान ४(चार) यसै पत्रसाथ संलग्न गरी पठाइएको छ लेखि आए वमोजिम गरी गराइ सो को विवरण ७(सात) दिन भित्र यस विभागमा पठाउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

(पवनराज कोइराला)
शाखा अधिकृत

वोधार्थः-
श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय
जग्गा प्रशासन शाखा, सिंहदरवार
श्री भूमिसुधार तथा व्यवस्थापन विभाग
जग्गा प्रशासन शाखा
श्री भू.सु.च. तथा प्रविधि शाखा :- संलग्न पत्रथान-२ वेभसाइटमा राख्नुहुन

☎ : ४४२५६८८, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

फ्याक्स नं. :- ०१-४४२४४३६

पत्र संख्या :- ३ भूमि/बद्री/०७२/७३

चलानी नं. :- ८८९

मिति: २०७२/११/१८

विषय:-सरकारी, सार्वजनिक जग्गाको अतिक्रमण छानविन सम्बन्धमा ।

गोप्य/अत्यन्त जरुरी

श्रीमान सचिवज्यू
भूमि सुधार तथा व्यबस्था मन्त्रालय
सिहदरबार ।

माननीय प्रमुख आयुक्तज्यू, माननीय आयुक्तज्यू हरुको समुपस्थितिमा यहां र मातहत विभागका महानिर्देशक तथा अन्य पदाधिकारीहरु समेतका बीच सरकारी, सार्वजनिक जग्गाको अतिक्रमण, हिनामिना लगायतका विषयमा वृहद अन्तरसम्वाद कार्यक्रम भएको र उक्त कार्यक्रममा दिईएका निर्देशनहरु अवगत भएकै छन ।

देशभरका सम्पुर्ण जग्गाको नक्साङ्कन, अभिलेखीकरण र श्रेष्ता व्यबस्थापन गर्ने सरकारी, सार्वजनिक जग्गा समेतको श्रेष्ता अद्यावधिक गरी सुरक्षित राख्ने जिम्मेवारी नेपाल सरकारको प्रचलित कार्य विभाजन तथा कार्य सम्पादन नियमावलीले ताहा मन्त्रालयमा रहेको छ ।

उल्लिखित जिम्मेवारी सम्पादनका गर्नाका लागि जग्गा (नापजाच) ऐन, २०१९, जग्गा (नापजाच) नियमावली, २०५८, भुमि सम्बन्धि ऐन, २०२१, भूमि सम्बन्धि नियमहरु २०२१, मालपोत ऐन, २०३४, मालपोत नियमावली, २०३६, गुठी सस्थान ऐन २०३३, जग्गा प्रशासन निर्देशिका २०५८, जग्गा प्रशासन कार्यविधी भाग १, २ र ३ (२०६०) र विभिन्न आदेशहरु लगायतका बिषयगत तथा सामान्य कानूनी तथा नीतिगत व्यबस्था रहेको देखियो ।

नीति, संरचना, कार्यक्रम र श्रोत साधनको व्यबस्था भएको अवस्थामा समेत ताहा मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी उजुरी उल्लेख्य मात्रामा आयोगमा प्राप्त हुने गरेका छन । सरकारी, सार्वजनिक जग्गा पूनः नापी, जग्गा दर्ता, नदि उकास जग्गा दर्ता, हाल साबिक, पार्सल नक्साको माध्यमबाट अतिक्रमण गर्ने, लोप गर्ने, हिनामिना गर्ने गरेको भन्ने सम्बन्धमा अध्ययन, छानविन गरी प्रतिवेदन गर्न आयोगको मिति २०७२/११/११ को निर्णय अनुसार महाशाखा प्रमुख, श्री गणेशराज कार्की महाशाखा नं. २ को संयोजकत्वमा समिति गठन गरिएको छ । उक्त समितिले तोकिएको कामका लागि निरन्तर यहां संग सम्पर्क गरी कार्य प्रगति लिनेछ । समितिले अध्ययन तथा छानविन सम्बन्धी तोकिएको कार्य सम्पादन गर्दा सोही विषयमा अन्य श्रोतहरुबाट प्राप्त भएका सूचनामा ताहा मन्त्रालयबाट प्राप्त हुने विबरण जांच गर्दा फरक नपर्ने गरी निम्नानुसारको

टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

फ्याक्स नं. :- ०१-४४२४४३६

पत्र संख्या :-
चलानी नं. :-

बुदागत विवरण बढीमा २ (दुई) महिना भित्र ताकेता गर्नु नपर्ने गरी समितिलाई उपलब्ध गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

(क) भूमिसुधार तथा व्यवस्थापन विभाग अन्तर्गत रहेको डिल्लीबजार स्थित अभिलेख शाखामा रहेका अभिलेखहरुको महत्व, आवश्यकता र उक्त अभिलेख संरक्षण तथा व्यवस्थापनका लागि हाल सम्म के कस्तो व्यबस्था गरिएको छ । सो व्यबस्थाको प्रभावकारीता र व्यबस्थापनको लागि आगामी कार्ययोजना के के छन ।

(ख) नया नापी, जग्गा दर्ता, नदि उकास जग्गा दर्ता, हाल साविक, पार्सल नक्सा कायम जस्ता कार्य गर्दा सरकारी, सार्वजनिक जग्गा अतिक्रमण, लोप तथा हिनामिना हुन नदिने सम्बन्धमा भएका प्रचलित नीतिगत व्यबस्था र सो कार्यान्वयनका लागि मातहतका कार्यालयहरुलाई दिईएका निर्देशनहरु के के छन । यस विषयमा नतिजामुखी, प्रभावकारी निरीक्षण तथा अनुगमन कसको जिम्मेवारी र जवाफदेहितामा कसरी गरिएको छ । सो व्यबस्था मन्त्रालय र विभागबाट प्रभावकारीताका साथ पुरा गरिएको छ भनि सुनिश्चित हुने वस्तुनिष्ट आधारहरु के छन ।

(ग) ताहा मन्त्रालयमा र मातहतका विभागहरुबाट निर्णय वा निर्देशनका लागि प्राप्त भएका मिसिलमा औचित्यपुर्ण समयसिमा भित्र निर्णय वा निर्देशन दिईएको छ छैन । भूमिसुधार तथा व्यबस्थापन विभाग, नापी विभाग, गुठी संस्थान र मातहतका नापी, मालपोत, भूमिसुधार र गुठी कार्यालयहरुबाट नागरिक वडापत्र, कार्यविधि तथा आदेशहरुमा तोकिएको समयसिमा भित्रै कार्य सम्पादन भएका छन छैनन् । तत्-तत् निकायले तोकिएको वा औचित्यपुर्ण समयसिमा भित्र निर्णय वा निर्देशन नदिईएको भए सो को औचित्यपुर्ण कारण उल्लेख गर्नु हुन ।

(घ) भुमि सम्बन्धि ऐन, २०२१ बमोजिम हदवन्दी छानविनको निर्णय गरी नियमानुसार जफत वा प्राप्त भएका तर बिक्रि वितरण गर्न बाकी रहेको जग्गा नेपाल सरकारको नाममा बिक्रि वितरण नभए सम्म श्रेष्ता कायम गर्ने प्रचलित कानूनी व्यबस्था बमोजिम के कती जग्गा नेपाल सरकारको नाममा श्रेष्ता कायम गरिएको छ । उक्त जग्गाको सम्बन्धित मालपोत कार्यालयमा रहेका श्रेष्तागत अबस्था के कस्तो छ । अब बिक्रि वितरण नभए सम्म त्यस्तो जग्गा उपयोग गर्ने योजना के छ । सम्लग्न विवरण बमोजिम पेश गर्नु हुन ।

: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्री नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

फ्याक्स नं. :- ०१-४४२४४३६

पत्र संख्या :-
चलानी नं. :-

सि.नं. घ संग सम्बन्धित

हदवन्दी छानविनको निर्णय बमोजिम प्राप्त वा जफत जग्गाको हालको श्रेष्ठागत विवरण ।

सि.नं.	प्राप्त वा जफत गरीएका जग्गाधनीको नाम	हदबन्दी छानविन निर्णय भएको मिति	जफत वा प्राप्त भएको जग्गाको विवरण						
			जिल्ला	गा.वि.स./न.पा	वार्ड नं.	कि.न.,	क्षेत्रफल	नेपाल सरकारमा रहेको मोठनं./पाना नं.	जफत वा प्राप्त जग्गाको उपयोग योजना
१.									
२.									

(ङ) नेपाल सरकारबाट पूर्व स्वीकृति प्राप्त नगरी प्राकृतिक तथा कानूनी व्यक्तिको नाममा हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न र सो बमोजिमको लिखत पारित गर्न मिल्छ मिल्दैन । यस्तो प्रकृतिका लिखत पारित भएका छन छैनन् । लिखत पारित भएका भए सो सम्बन्धमा प्रचलित कानून बमोजिमको के कस्तो कारवाही भएको छ । कारवाही नभएको भए प्रचलित कानूनको कार्यान्वयन नगर्नु नगराउनुको कारण सहित नेपाल सरकारबाट पूर्व स्विकुती प्राप्त नगरी हदबन्दी भन्दा बढी खरिद भएको जग्गाको निम्नानुसारको विवरण तयार गरी पेश गर्नु हुन ।

सि.नं. ङ संग सम्बन्धित

नेपाल सरकारबाट पूर्व स्वीकृति प्राप्त नगरी खरिद भएको जग्गाको विवरण

सि.नं.	हदवन्दी भन्दा बढी जग्गा खरिद गर्ने व्यक्ती वा संस्थाको नाम	जग्गा खरिद भएको		खरिद भएको जग्गाको विवरण			पूर्व स्विकृति प्राप्त नगरी हदवन्दी भन्दा बढी हुने गरी लिखत पारित गर्नाको कारण	पूर्व स्वीकृति प्राप्त नगरी हदवन्दी भन्दा बढी खरिद भएको जग्गा सम्वन्धी कारवाहीको अवस्था
		जिल्ला	गा.वि.स./न.पा	वडा नं.	कि.नं	क्षे.फ		
१.								
२.								

☎ : ४४२५६८८, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

फ्याक्स नं. :- ०१-४४२४४३६

त्र संख्या :-

लानी नं. :-

(च) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण सम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन कार्यान्वयन सम्बन्धमा नीतिगत व्यबस्था गरी जनतालाई लामो समय देखि परेका समस्याको उपयुक्त सम्बोधन गर्न आयोगबाट दिएका निर्देशनमा हाल के भएको छ । हाल सम्म भए गरेको कार्य प्रगति उल्लेख गर्नु हुन ।

०६९।११।१८

(बद्रीबहादुर कार्की)
सदस्य-सचिव